REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs   Date: 14.01.2025

Maghey Sakranti

फसल कटाईको पर्व मकर संक्रान्ति आज देशका विभिन्न भागमा मनाइँदैछ। यो पर्व हेमन्त ऋतुको समापन र शिशिर ऋतुको आगमनको प्रतीक हो।

मकर संक्रान्तिदेखि दिन लामो हुन थाल्छ। यस पर्वलाई देशका विभिन्न भागमा भिन्दा भिन्दै नामले जानिन्छ।

तामिलनाडुमा यसलाई पोंगल, गुजरातमा उत्तरायण, असममा भोगाली बिहू र पश्चिम बंगालमा पौष संक्रान्तिको रूपमा मनाइन्छ।

सिक्किम र दार्जीलिङ क्षेत्रमा यो चाड़ उल्लासपूर्वमा मनाइन्छ।

नेपाली समुदायले यो पर्व माघे संक्रान्तिको रूपमा मनाइन्छ।

आजको दिन तरूल र कन्दमूल खाने चलन छ।

यस चाड़ले समुदायको कृषि र संस्कृतिको बनौट दर्शाउदैछ र प्रकृतिसित मानव जातिको अस्तित्व गाँसिएको बोध गराउँछ।

मीन पचासको जाड़ो अब दस दिन मात्र बाँकी रहेको पनि यसले बिदित गराँउछ।

स्मरण रहोस् मंगशीरको अन्तिम दस दिन, पुष महीनाको पूरै तीस दिन र माघ महीनाको प्रथम दस दिन असाध्यै जाड़ो हुने हुनाले यस अवधिलाई मीन पचास भनिन्छ।

मकर संक्रान्ति सम्पूर्ण भारतमा ऋतु परिवर्तन अथवा सूर्य संक्रमणको त्यौहारको रूपमा पनि मनाइन्छ। आजको दिन मकर नुहाउने चलन छ।

Jorethang Mela

माघे संक्रान्तिको अवसरमा राज्यमा वर्षेनी आयोजन गरिने माघे संक्रान्ति मेला नाम्ची जिल्लाको जोर्थाङमा आजदेखि शुरू भएको छ।

राज्यपाल श्री ओम प्रकाश माथुरले मेलाको उद्घाटन गर्नुभयो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामङ विशिष्ट अतिथि रहनु भएको कार्यक्रममा मन्त्रीमण्डलका सदस्यहरू, विधायकगण, सल्लाहकारहरू, अध्यक्षहरू अधिकारीगण र अन्य गण्यमान्य व्यक्तिहरूको उपस्थिती थियो।

यस वर्षको मेलामा पारम्परिक कला र संस्कृति प्रदर्शनी बाहेक अन्य विविध आकर्षण रहेका छन्। यीमध्ये पुष्प प्रदर्शनी, सिनेमा घर रोजगार मेला सामेल छन्।

यीवाहेक मेलामा प्यराग्लाइडिङ हेलीकप्टर यात्रा, लिङगे पीङ र नुमा सवारीको पनि आनन्द लिन सकिनेछ।

सप्ताहब्यापी मेला यसै महीना एक्काइस तारीक समाप्त हुनेछ।

यसअघि राज्यपाल र मुख्यमन्त्रीले जोरथाङको त्रिकालेश्वर मन्दिरमा पूजा गरी राज्यवासीहरूको कल्याण र समृद्धिका लागि प्रार्थना गर्नुभयो।

SARAS TRADE FAIR

माघे संक्रान्ति मेलाको पहिलो दिनमा आज राज्यपालले चौधौं सिक्किम सारस व्यापार मेलाको पनि उद्घाटन गर्नुभयो।

ग्रामीण विकास विभागको सिक्किम ग्रामीण आजीविका मिशनद्वारा आयोजित सारस मेलाको प्रायोजना केन्द्रीय ग्रामीण विकास मन्त्रालयले गरिरहेछ।

तेइस जनवरीसम्म चल्ने मेलामा सिक्किम र अन्य राज्यका स्वयं सहायता समूहहरूद्वारा तयार पारिएको हस्तकला, हस्तशिल्प र जैविक उत्पादहरूलाई प्रदर्शनी र बिक्रीका लागि राखिएको छ।

ROJGAR MELA

जोरथाङमा दुई दिने लामो रोजगार मेला पनि आजैदेखि आरम्भ भएको छ।

माघे संक्रान्ति मेला अन्तर्गत राज्यको कौशल विकास विभागद्वारा आयोजित मेलाको मुख्य उद्देश्य सिक्किमका शिक्षित युवाहरूलाई रोजगारको अवसर सृजना गर्नु र पर्यटन, सूचना प्रौद्योगिकी, स्वास्थ्य रक्षा र हरित उद्योग जस्ता महत्वपूर्ण क्षेत्रका नियोक्ताहरूसँग सम्पर्क गर्नु रहेको छ। मेलामा सरकारी योजनाहरूको पर्वर्ध्यन गर्न वाहेक स्थानीय प्रतिभा निवेशलाई प्रोत्साहन र सार्वजनिक निजी साझेदारीलाई सुदृढ़ बनाइनेछ।

रोजगार मेलामा ठूल ठूला कम्पनीहरूमा काम गर्न इच्छुक युवाहरूका लागि स्थलमा अन्तर्वार्ताको व्यवस्था रहनेछ।

यसवाहेक युवावर्गका लागि व्यावसाय परामर्श सत्र पनि राखिनेछ। पछि राज्यपाल र मुख्यमन्त्री रंगीत नदीमा सन्ध्या आरती अनुष्ठानमा पनि सहभागी हुनुभयो।

IMD FOUNDATION DAY

भारतीय मौसम विभागले आफ्नो एक सय पचासौं स्थापना दिवसको अवसरमा आज नयाँ दिल्लीको भारत मडंपममा एउटा समारोह आयोजित गर्यो।

यसमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशलाई मौसमको सबैप्रकारका स्थितिको सामना गर्न सक्षम र क्लाइमेट स्मार्ट राष्ट्र बनाउने मिशन मौसमको शुभारम्भ गर्नुभयो। उहाँले भन्नभयो मिशन मौसम एक स्थायी र भविष्यका लागि तयार राष्ट्र , निर्माणको दिशामा भारतको प्रतिबद्धताको प्रमाण हो।

प्रधानमन्त्रीले विभागको भिडनदुइ हजार सैंतालिस (vision 2047) दस्तावेज पनि जारी गर्नुभयो। यसमा मौसम पूर्वानुमान, मौसम प्रवन्धन र जलवायु न्यूनीकरणका लागि योजनाहरू समावेश छन्। यता राज्यमा गान्तोक स्थित मौसम विज्ञान केन्द्रले नयाँ दिल्लीमा आयोजित कार्यक्रमको प्रत्याक्ष प्रसारण गर्यो।

स्थापना दिवस अघि देखिनै गान्तोकको मौसम विज्ञान विभागद्वारा गरिएका कार्यक्रमहरूमा सात जनवरीका दिन वृक्षारोपण अभियान, नौ जनवरीमा युवा पिढीमा जलवायु परिवर्तन र वैश्विक गर्मीबारे जागरूकता ल्याउने उदेश्यले निवन्ध प्रतियोगिता आयोजन अनि बाह जनवरीका दिन स्वामी विवेकानन्दको जन्मदिनको अवसरमा आयोजित रक्तदान शिविर सामेल छन्।

FOOTBALL

दक्षिण सिक्किमको पोकलोक कामराङ निर्वाचन क्षेत्रले अन्तर समष्टि फुटबल टुर्नामेण्ट जितेको छ। जोरथाङ माघे मेला उद्घाटन समारोहसँगै आज भएको टुर्नामेण्टको फाइनल खेलमा यस टीमले पूर्व सिक्किमको छुजाचेन समष्टीलाई दुई गोलले परास्त गर्यो। पराजित टीमले एउटै गोल पनि गर्न सकेन। टुर्नामेण्टको आयोजना खेल तथा युवा मामिला विभागले गरेको थियो।

आजै भएको दशौं अखिल भारतीय मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामेण्टको दोस्रो क्वाटर फाइनल फुटबल म्याच जितेर सुदेभा फुटबल क्लब दिल्लीले सेमिफाइनलमा प्रवेश गरेको छ।

यस टीमले सिक्किम पुलिसलाई एकको विरूद्ध चार गोलले हरायो।

WEATHER

राज्यको मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार भोलि गान्तोक वरर क्षेत्रमा अधिकतम तापमान पन्ध्र डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ भने आकाशमा आंशिक बादल छाउनेछ।

आजको अघिकतम तापमान चौध दशमलउ दुइ डिग्री सेल्सियस र न्यूनतम तापमान पाँच डिग्री सेल्सियस रेकार्ड गरिएको छ।